नेपाल सरकार

# अर्थ मन्त्रालय

(आर्थिक प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- २०८२/८३
च. नं.:- ३६

मितिः २०८२/०६/०७

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री शहरी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/६/५ गतेको बैठकबाट भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन) आदेश, २०८२ स्वीकृत भएकोले उक्त आदेश संलग्न राखी शीघ्र कार्यान्वयनका लागि तहाँ पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०८२।६।७

डिलाराम गिरी
उपसचिव

बोधार्थ :-
महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाण्डौ :- आवश्यक सहजीकरणको लागि ।

श्री स.स. प्रशासन महाशाखा
श्री स.स. भवन, आवास तथा योजना महाशाखा
श्री स.स. शहरी विकास महाशाखा
श्री स.स. स्थानीय पूर्वाधार
श्री कानून तथा फैसला कार्यान्वयन शाखा

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६

नेपाल सरकार
अर्थ मन्त्रालय

**विषयः भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन तथा सञ्चालन) आदेश, २०८२ स्वीकृत गर्ने।**
**प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०८२/६/२**

**१. विषयको सङ्क्षिप्त व्यहोराः**

मिति २०८२/५/२३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा मुलुकभर सरकारी कार्यालयका भौतिक संरचनामा आगलागी र तोडफोड भई ठूलो संख्यामा क्षति भई पुनः प्रयोग गर्न नसकिने अवस्थामा रहेका त्यस्ता भौतिक संरचना पुनर्निर्माण र मर्मत सम्भार गर्नुपर्ने भएको। भौतिक संरचना पुनर्निर्माण र मर्मत सम्भार, आर्थिक पुनरुत्थान र राहतलगायतका कार्य गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह ,नेपाली नागरिक, गैर आवासीय नेपाली, विदेशी सरकार वा दातृ निकाय वा विदेशी व्यक्ति वा संस्था, विभिन्न व्यावसायिक प्रतिष्ठान लगायतबाट प्राप्त हुने नगद वा वस्तुगत सहायता वा कार्यक्रम वापत प्राप्त रकम परिचालन गर्न एक कोष स्थापना गर्न जरुरी भएको।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत हुने "भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन तथा सञ्चालन) आदेश, २०८२" उपर अर्थ मन्त्रालयको मिति २०८२/६/२ को पत्रवाट सहमति माग गरिएकोमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा मिति २०८२/०६/०५ को पत्रबाट तर्जुमा सहमति प्राप्त भएको।

**३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिसः**

मिति २०८२/५/२३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा क्षति भएको सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निर्माणसम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन, आर्थिक पुनरुत्थान, राहत, उद्धार तथा पुर्नस्थापनाको कार्यसञ्चालन गर्न वाञ्छनीय भएकोले विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन तथा सञ्चालन) आदेश, २०८२ जारी हुन उपयुक्त देखी भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन तथा सञ्चालन) आदेश, २०८२ स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०८२/६/२ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषय सङ्ख्या १३ बमोजिम प्रस्ताव पेश गरिएको छ।

**४. निर्णय हुनुपर्ने व्यहोराः**

संलग्न भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन तथा सञ्चालन) आदेश, २०८२ स्वीकृत गर्ने।

(घनश्याम उपाध्याय)
सचिव

मितिः २०८२/०६/०२
नेपाल संवत् ११४५

# भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन) आदेश, २०८२

**प्रस्तावना** : आन्दोलनबाट क्षति भएका सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निर्माणको लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था गरी पुनर्निर्माण तथा मर्मत, आर्थिक पुनरुत्थान, राहत र पुनर्स्थापना सम्बन्धी कार्यलाई तत्काल व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन) आदेश, २०८२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "आन्दोलन" भन्नाले संवत् २०८२ साल भदौ २३ र २४ गते भएको आन्दोलन सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले दफा ८ बमोजिमको कोष सम्झनु पर्छ।

(ग) "पुनर्निर्माण" भन्नाले आन्दोलनको क्रममा भएको आगलागी वा तोडफोडबाट क्षति भएको सार्वजनिक वा सरकारी भौतिक संरचनाको निर्माण वा मर्मत सम्भार सम्बन्धी कार्य सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिमको भौतिक पूर्वाधार पुनर्निर्माण समिति सम्झनु पर्छ।

३. **समितिको गठन** : (१) आन्दोलनबाट क्षति भएका सार्वजनिक तथा सरकारी भौतिक संरचनाको पुनर्निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि भौतिक पूर्वाधार पुनर्निर्माण नामको एक समिति गठन गरिएको छ।

(२) समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | अर्थ मन्त्री | - अध्यक्ष |
| (ख) | गृह मन्त्री | - सदस्य |
| (ग) | शहरी विकास मन्त्री | - सदस्य |
| (घ) | नेपाल सरकारको मुख्य सचिव | - सदस्य |

(ङ) शहरी विकास मन्त्रालयको सचिव - सदस्य-सचिव

४. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको अध्यक्षको परामर्शमा समितिको सदस्य-सचिवले बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना सबै सदस्यलाई पठाई समितिको बैठक बोलाउनेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको अध्यक्षले समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित हुनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) आन्दोलनबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण कार्यान्वयन कार्ययोजना निर्माण र स्वीकृत गर्ने,

(ख) कोषबाट खर्च हुने रकम सहितको कार्यक्रम स्वीकृत गर्ने,

(ग) आन्दोलनबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणको लागि सम्बन्धित निकायको जिम्मेवारी तोक्ने,

(घ) कोषमा रकम जम्मा गर्नको लागि स्रोतको पहिचान र परिचालन गर्ने,

(ङ) कोषको रकमबाट सञ्चालित कार्यक्रमको नियमित अनुगमन र सुपरिवेक्षण गर्ने, गराउने,

(च) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

घनश्याम उपाध्याय

(छ) कोषको उद्देश्य पूरा गर्न आवश्यक पर्ने अन्य कार्य गर्ने, गराउने।

६. <u>समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार</u> : समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने,

(ख) समितिको बैठकका निर्णय अभिलेख गरी सुरक्षित राख्ने,

(ग) अध्यक्षको परामर्शमा समितिको कार्यसञ्चालन गर्ने,

(घ) समितिको बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिको कागजात जिम्मा लिने र समितिको तर्फबाट पत्राचार सम्बन्धी कार्य गर्ने, गराउने,

(च) समितिले जिम्मेवारी प्रदान गरेका अन्य कार्य गर्ने।

७. <u>सचिवालय तथा कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) समितिको कार्यसञ्चालनको लागि शहरी विकास मन्त्रालयमा एक सचिवालय रहनेछ।

(२) उपदफा (१) बमोजिमको सचिवालयमा शहरी विकास मन्त्रालयको स्वीकृत स्थायी दरबन्दीभित्र रही सोही मन्त्रालयले निर्धारण गरे बमोजिमका कर्मचारी रहनेछन्।

८. <u>कोषको स्थापना</u> : (१) आन्दोलनबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण, आर्थिक पुनरूत्थान, राहत र पुनर्स्थापना सम्बन्धी कार्यको लागि समितिको एक कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले प्रदान गरेको रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्तिले प्रदान गरेको रकम,

(ग) गैरआवासीय नेपालीले प्रदान गरेको रकम,

घनश्याम उपाध्याय
सचिव

(घ) विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय सङ्घ संस्था वा दातृ निकायबाट प्राप्त नगद वा वस्तुगत सहायता वा कार्यक्रम बापत प्राप्त रकम,

(ङ) विभिन्न व्यावसायिक प्रतिष्ठानले प्रदान गरेको सामाजिक उत्तरदायित्व बापतको रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम समितिले कुनै रकम प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) कोषमा रहने रकम नेपाल राष्ट्र बैङ्क वा नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त "क" वर्गको बैङ्कमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

(५) कोषको खाताको सञ्चालन समितिको सदस्य-सचिव र शहरी विकास मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

९. **कोष रकमको खर्च**: कोषको रकम देहायको कार्यमा खर्च गर्न सकिनेछः-

(क) आन्दोलनबाट क्षति भएका सार्वजनिक वा सरकारी भौतिक संरचनाको पुनर्निर्माण वा मर्मत सम्भार गर्ने,

(ख) आन्दोलनबाट क्षति भएका सार्वजनिक वा रारकारी संरचनाको लागि आवश्यक फर्निचर, फिक्सचर्स तथा मेसिनरी औजार वा उपकरण खरिद गर्ने,

(ग) आर्थिक पुनरूत्थान कार्यक्रम सञ्चालन गर्ने,

(घ) राहत र पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने।

१०. **कार्यक्रम तर्जुमा र स्वीकृति** :(१) समितिले निर्धारण गरेको नीतिगत मार्गदर्शनको अधीनमा रही शहरी विकास मन्त्रालयले कोषबाट सञ्चालन हुने पुनर्निर्माण, आर्थिक पुनरुत्थान वा राहतका लागि आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्नेछ र त्यसरी कार्यक्रम तर्जुमा गर्दा कार्यान्वयन गर्ने जिम्मेवार निकाय समेत तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम तर्जुमा गर्दा अत्यावश्यक सेवा, सेवा प्रवाहको निरन्तरता र लागतप्रभावी हुने गरी प्राथमिकीकरणका आधारमा प्रस्ताव गर्नु पर्नेछ।



...श्याम ...ाय

(३) उपदफा (१) बमोजिम तर्जुमा भएको कार्यक्रम समितिले स्वीकृत गर्नु पर्नेछ र त्यसरी स्वीकृत बजेट तथा कार्यक्रम अनुसार कोषको रकम खर्च हुनेछ।

(४) उपदफा (३) बमोजिम कार्यक्रम स्वीकृत गर्दा कोषमा मौज्दात रकमको अधीनमा रही गर्नु पर्नेछ।

११. **कोषको सञ्चालन प्रक्रिया** : (१) दफा १० बमोजिम स्वीकृत कार्यक्रमको आधारमा शहरी विकास मन्त्रालयले समितिको निर्णय बमोजिम कार्यक्रम सञ्चालन गर्ने निकायलाई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा रकम निकासा गर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम निकासा भएपछि कार्यक्रम सञ्चालन गर्ने निकायले प्रचलित कानून बमोजिम कार्यक्रम सञ्चालन गर्नेछ।

(३) कार्यक्रम सञ्चालन गर्ने निकायले उपदफा (१) बमोजिम निकासा भएको रकम जुन प्रयोजनको लागि निकासा भएको हो सोही प्रयोजनको लागि मात्र खर्च गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको रकम मध्ये सोही आर्थिक वर्षभित्र खर्च हुन नसकेको रकम कार्यक्रम सञ्चालन गर्ने निकायले कोषमा फिर्ता गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम कार्यक्रम सञ्चालन गर्ने निकायले आर्थिक वर्ष समाप्त भएपछि खर्चको विवरण समितिको सचिवालयमा पेश गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम रकम फिर्ता भएकोमा कुनै कार्यक्रम कार्यान्वयनको चरणमा रहेको अवस्थामा त्यस्तो कार्यक्रम सञ्चालन गर्ने निकायले कार्यक्रम सञ्चालनको लागि आवश्यक रकम समितिको सचिवालयसँग माग गर्न सक्नेछ।

(७) कोषको रकमबाट खर्च व्यहोर्ने गरी मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मा स्रोत कायम गर्न सकिनेछ। त्यसरी स्रोत कायम भएको अवस्थामा खर्च भएको रकम कोषबाट सञ्चित कोषमा जम्मा गरिनेछ।



घनश्या... ...ाय

(८) यस आदेश बमोजिम कार्यक्रम सम्पन्न नहुँदै समिति र कोष खारेज भएमा त्यस्तो सम्पन्न हुन बाँकी कार्यक्रम सम्बन्धित विषयगत निकायले निरन्तरता दिने गरी आवश्यक व्यवस्था गरिनेछ।

१२. **लेखा र लेखापरीक्षण** : (१) समितिको आम्दानी तथा खर्चको लेखाङ्कन र प्रतिवेदन सार्वजनिक लेखा मानदण्ड बमोजिम हुनेछ।

(२) कोषको रकमबाट सञ्चालन हुने कार्यक्रमको लेखा सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने निकायले राख्नेछ र त्यसको आवधिक प्रतिवेदन समितिको सचिवालयमा पेश गर्नु पर्नेछ।

(३) स्वीकृत कार्यक्रम अनुसार रकम निकासा गर्ने, खर्च नभएको रकम फिर्ता लिई कोषमा जम्मा गर्ने, कोषको लेखाङ्कन तथा प्रतिवेदन गर्ने र लेखापरीक्षण गराउने जिम्मेवारी समितिको सचिवालयको हुनेछ।

(४) कोष वा कार्यक्रमको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयले गर्नेछ।

१३. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कुनै काम गर्नको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार त्यस्तो उपसमिति गठन गर्दाका बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपसमितिको बैठक सम्बन्धी कार्यविधि त्यस्तो उपसमिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **निर्देशन दिन सक्ने** : नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१५. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा शहरी विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ।

१६. <u>अधिकार प्रत्यायोजन</u> : समितिले यो आदेश बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकता अनुसार समितिको अध्यक्ष, सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. <u>परिचालन गर्न सक्ने</u> : समितिले आफूलाई प्राप्त जिम्मेवारी पूरा गर्ने सम्बन्धमा आवश्यकता अनुसार गैरसरकारी संस्था, निजी क्षेत्र वा समुदायलाई परिचालन गर्न सक्नेछ।

१८. <u>प्रतिवेदन पेश गर्ने</u> : (१) समितिले आफूले सम्पादन गरेको कामको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिबाट भएका प्रमुख कार्य, समितिको योजना, कार्यक्रम कार्यान्वयनको स्थिति, उपलब्धि तथा समितिबाट भएको खर्चको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रगति प्रतिवेदन नेपाल सरकार आफैंले वा नेपाल सरकारको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ।

१९. <u>समितिको कार्यावधि</u> : (१) समितिको कार्यावधि यो आदेश प्रारम्भ भई समितिको पहिलो बैठक बसेको मितिले एक वर्षको हुनेछ र नेपाल सरकारले आवश्यक देखेमा समितिको कार्यावधि बढीमा छ महिनासम्मको लागि थप गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको कार्यावधि पूरा भएपछि समिति स्वतः विघटन हुनेछ।

(३) उपदफा (२) बमोजिम समिति विघटन भएमा कोषमा तत्काल कायम रहेको रकम सङ्घीय सञ्चित कोषमा दाखिला गरिनेछ।